सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'साझी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुलुसै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१००० ।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ४८१६१०२२१६

○वर्ष ८ ○अंक ६७ ○श्रेणी 'क' ○२०७२ मंसिर २० गते आइतबार ○ 6 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

सभासद रविन्द्र अधिकारीमाथि गम्भीर आरोप

प्रचारमा आउने र भत्ता पचाउने

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १९ मंसिर ।

शुक्रबार ११ बजेतिर संसद सचिवालयको क्यान्टिमा केही कर्मचारीहरु चिया पिउदै थिए । त्यहाँ एक जनाले कुरा उठाए एमाले सभासद रविन्द्र अधिकारीको । 'हैन यो रवीन्द्रले के-के नाटक गर्छ भनेको ? प्रचारमा आउने र भत्ता पचाउने बाहेक अरु काम गर्न आउँदैन कि क्या हो यसलाई ?' ति कर्मचारीले यति भनेपछि अर्कोले थपे,-'अस्ती अर्कोको पनि त्यस्तै नाटक गरेको समाचार आएको थियो । अमेरिकी आइएनजिको क्लाल लिन २३ जना माननीय बोकेर चितवनतिर हानिएको रहेछ ।' अर्का कर्मचारीले प्रश्न उठाएका पात्र रहेछन् कांग्रेस सांसद गगन थापा ।

संसद सचिवालयका कर्मचारीले यो तहको आलोचना गर्नेगरि आखिर रवीन्द्र अधिकारीले गरेका थिए के ? केही दिन यता अधिकारी सभापति रहेको संसदको विकास समितिको तामझामलाई लिएर कर्मचारीले आलोचना गरेका रहेछन् । विगत केही दिन यता अधिकारीको नेतृत्वमा संसदको विकास समितिमा सदस्यहरुले रसुवाको रसुवागढी र मुस्ताडको कोरला नाकाको स्थलगत भ्रमण गरेको थियो । समितिले केही दिन अगाडि रसुवागढी नाकाको अवस्थावारे सभामुखलाई प्रतिवेदन नै बुझाएको थियो । प्रतिवेदनमा रसुवागढी नाका खोल्न सकिने उल्लेख छ । त्यसपछि यो समितिले मुस्ताडको कोरला नाकाको स्थगलत भ्रमण गरेको थियो । समितिले छिमेकी चीनसँग जोडिएको कोरला नाका खोल्न पारिम्भिक अध्ययन प्रतिवेदन बुझाएको डको कोरला नाकाको स्थगलत भ्रमण गरेको थियो । समितिले छिमेकी चीनसँग जोडिएको कोरला नाका खोल्न पारिम्भिक अध्ययन प्रतिवेदन बुझाएको छ । संसदको विकास समितिले गरेको यी दुई भ्रमणको विषयलाइए लिएर संसद सचिवालयको क्यान्टिनमा कर्मचारीहरुले समितिका सभापति अधिकारीको आलोचना गरेका थिए ।

'भूकम्प पीडितले न्यूनतम सुविधा नपाएको तथा देश आर्थिक रुपमा संकटमा पर्दै गएका बेला दलबलसहित संसादहरु हिड्नु उचित होइन ।' ति कर्मचारीले भने,-'ल भन्नुस त यो भत्ता पचाउने

बाहेक अरु के काम हो ।' उनका अनुसार संसदको विकास समितिले हरेक बैठकमा सरकारलाई आधा दर्जन भन्दा बढी सुझाव र निर्देशन दिँदै आएको छ । 'तर, यो समितिले दिएको निर्देशन सरकारले पुरा गर्यो भन्ने एउटा पनि उदाहण छैन ।' ति कर्मचारीले सुनाए,-'अहिले रसुवागढी र कोरला नाका खोल्न सुझाएका छन् । अब के एक-दुई दिनमा ति नाका खुल्छन त ?'

प्रावधिक विषयमा आधारभूत जानकारी समेत नलिइ संसदको विकास समितिले दुई नाका खोल्न सकिने प्रतिवेदन बुझाएको रातोपाटीमा खबर छ । पोखरादेखि बेनीसम्म कालोपत्रे सडकपछि एक सय ६७ किलोमिटरमा मुस्ताड र तिब्बतको कोरला नाका छ । विकास समितिले जोमसोमदेखि कोरलासम्मको एक सय किलोमिटर सडकलाई दुई लेनको बनाउन सरकार र सडक विभागलाई निर्देशन दिने भ्रमण दलमा सहभागी सांसदहरुको तयारी छ ।

भूकम्पपछि सरकारले खर्च कटौतीको नीति ल्याएको थियो । सांसदहरु यसरी विभिन्न नाममा भ्रमणमा निस्कँदा उनले खान बस्ने सुविधासहित भ्रमण भत्ता समेत पाउँछन् । 'यस्तो अवसर उपयोग गर्ने मामलामा सांसदहरु एकै ठाँउ देखिन्छन् ।' संसद सचिवालयका एक कर्मचारीले बताए । त्यसो त यो समितिले पूर्व सभामुख सुभास नेम्वाङको निर्देशन समेत अवज्ञा गरेको थियो । नेम्वाङले संसदका सबै समिति सभापतिलाई सकेसम्म विहान बैठक नराख्न निर्देशन दिएका थिए । विहान बस्दा नास्ता र खानाको समेत खर्च उठने भएकाले बैठक दिउँसो राख्न नेम्वाङले निर्देशन दिएका थिए । तर, अधिकारी सभापति रहेको विकास समितिको बैठक भने प्रायः जसो विहानै बस्दै आएको थियो ।

एमाओवादीको बैठक राष्ट्रियतामा केन्द्रित

काठमाडौं १९ मंसिर ।

एकीकृत नेकपा (माओवादी)को जारी केन्द्रीय समितिको बैठकमा राष्ट्रियताको मुद्दालाई केन्द्रबिन्दुमा राखेर अगाडि जानुपर्नेमा जोड दिइएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा जारी बैठकमा धारणा राख्ने नेताहरुले पछिल्लो दिनमा मुलुकको सार्वभौमसत्ता र अखण्डतामा सङ्कट पैदा भएको र राष्ट्रियता सङ्कटमा परेकाले त्यसलाई विशेष ध्यान दिनेगरी एजेण्डा तय गर्न आग्रह गरेका थिए । विधानसभाबाट संविधान जारी हुनु जायज भए पनि विगतदेखि नै पार्टीले उठाउँदै आएका सबै एजेण्डा समावेश हुन नसकेको, असन्तुष्टिलाई सम्बोधन गर्नेतर्फ ध्यान दिन नसकिएको भन्दै संशोधनमार्फत विभिन्न क्षेत्रको मागलाई लिपिबद्ध गर्नुपर्ने विचार व्यक्त गरेका थिए । एमाओवादी केन्द्रीय कार्यालयका मुख्यसचिव हितराज पाण्डेका अनुसार आजको बैठकमा १८ जना केन्द्रीय सदस्यले अध्यक्ष पुष्पकमल दाहालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमाथि केन्द्रित रहेर धारणा राख्नुभएको हो । शनिवारको बैठकमा गोपाल किराती, जनार्दन शर्मा, ध्रुव परजुली, हरि अधिकारी, सुरेश किराती, कालीबहादुर मल्ल, शिवकुमार मण्डल, सुरेन्द्रप्रसाद जैसवाल, लिलाबहादुर थापाले सङ्गठन सुदृढीकरणमा लाग्नुपर्ने, पार्टीभित्र देखिएको विकृति तथा विसङ्गतिलाई अन्त्य गर्नुपर्ने, भारतलाई हेर्ने दृष्टिकोण स्पष्ट हुनुपर्नेमा जोड दिएका थिए । संविधानको सहज कार्यान्वयनका लागि पार्टी प्रतिबद्ध भएर लाग्नुपर्ने, संविधानबाट प्राप्त भएका उपलब्धिलाई जनतासमक्ष लैजानुपर्ने, पार्टीका तल्ला तहका कार्यकर्तालाई पनि संविधानमा उल्लेखित विषयवस्तुलाई स्पष्ट पार्नुपर्ने उहाँहरुको धारणा रहेको मुख्यसचिव पाण्डेले जानकारी दिए । यस्तै माओवादी मान्ने पार्टीका बीचमा एकता प्रक्रिया अगाडि बढाउनुपर्ने, नयाँ शक्तिका नाममा भइरहेको माओवादी आन्दोलनलाई कमजोर बनाउने प्रवृत्तिप्रति सचेत रहनुपर्ने धारणासमेत उहाँहरुले राखेका थिए । बैठकमा केन्द्रीय सदस्य हेमराज भण्डारीले आफ्नो फरक मत दर्ज गराएका थिए । यस्तै पार्टीभित्र फरक मतको सम्मान गर्ने, अन्तरसङ्घर्षलाई व्यवस्थित बनाउनुपर्ने, पार्टीभित्र क्रमिकरुपमा नेतृत्वको विकास गर्नुपर्ने समेत उहाँहरुको मत रहेको थियो ।

भागबन्डा अन्त्य गर्न युवा नेतृत्व आवश्यक

काठमाडौं १९ मंसिर ।

नेपाली कांग्रेसका युवा नेताले पार्टीभित्र देखिएको ६०/४० को भागबन्डा अन्त्य गर्न युवाले नेतृत्व गर्नुपर्ने बताएका छन् । नेपाली कांग्रेसको १३औं महाधिवेशन नजिकिँदै जाँदा पार्टीका युवा नेताले आयोजना गरेको छलफलमा पार्टीभित्रको भागबन्डाले नेपाली कांग्रेस झन पछाडि पर्दै गएको बताएका हुन् । कांग्रेसका केन्द्रीय सदस्य सुजाता परियारले पार्टीले गुटको राजनीतिक अन्त्य गरेर अगाडि बढ्नु आवश्यक रहेको औल्याइन् । उनले भनिन्-"१२औं महाधिवेशनलाई एकताको महाधिवेशन भनिए पनि पार्टीभित्र देखिएका मनमुटाव, विवाद र गुटबन्दी बढ्दै गयो, आगामी १३औं महाधिवेशनमा गुटबन्दीको अन्त्य गरी पार्टीलाई सशक्त ढङ्गले अगाडि लैजानुपर्छ ।"

सांसद किरण यादवले पार्टीका गम्भीर विषयमा हुने छलफल पार्टी नेतृत्वले एकलौटी ढङ्गमा गर्ने गरेको आरोप लगाए । उनले पार्टीमा पैसाको चलखेल बढ्दै गएकाले पैसाभन्दा सिद्धान्तको राजनीतिक आवश्यक भएको स्पष्ट पारे । अर्का सांसद मुक्ता यादवले पार्टीको विधान संशोधन गरेर धेरै युवालाई अगाडि लैजानु आवश्यक रहेको बताए । उनले पार्टीभित्र परिवारवाद हावी भएको भन्दै यसलाई तोड्न आवश्यक भएको उल्लेख गरे । नेपाली कांग्रेस कालीकोटका नेता भुपेन्द्रजङ्गा शाहीले नेताले कार्यकर्तालाई दास बनाउने प्रवृत्ति पार्टीभित्र हावी भएकाले यसलाई रोक्नु जरुरी रहेको बताए । तरुण दलका महासचिव पुष्प पराजुलीले ६५ वर्षदेखिको नेपाली जनताको चाहना पूरा भएकाले यसलाई कार्यान्वयन गर्नका लागि भए पनि अबको महाधिवेशनले सफल नेतृत्व ल्याउनु जरुरी रहेको बताए । ने पा ल विद्यार्थी सङ्घका नेता क्षितिज भण्डारी, दीपक अधिकारी, कुमार लुइँटेल, डिल्ली सुवेदी, रामकुमार बुढामगर, बलदेव तिमल्सेना, नेपाल प्रेस युनियन काठमाडौं शाखाका अध्यक्ष नकुल अर्याल लगायतले क्रियाशील सदस्यताको वितरणमै ६०/४० को अन्त्य गरेको भए महाधिवेशनमा यो भागबन्डा अन्त्य हुने धारणा राखेका थिए । छलफलबाट निष्कर्षमा आएका कुरा पार्टी नेतृत्वलाई ध्यानार्पण गराइने जनाइएको छ ।

प्रमुख तीन दल र मोर्चाबीचको वार्ता फेरि विफल

काठमाडौं १९ मंसिर ।

प्रमुख तीन दल र मधेसी मोर्चाबीच भएको वार्ता निश्कर्ष विहिन बनेको छ । प्रधानमन्त्री निवास बालुवाटारमा भएको त्रिपक्षीय वार्तामा तीन दलले ल्याएको साझा प्रस्तावलाई मोर्चाले अस्वीकार गरिदिएको छ । प्रमुख दलहरुको शुक्रवारको बैठकले निर्णय गरेको तीन बुँदे प्रस्तावबारे मोर्चालाई जानकारी गराएका थिए । तर मोर्चाका नेताहरुले सो प्रस्ताव मोर्चालाई अल्मल्याउने प्रयास मात्रै भएको दावी गर्दै आफूहरुलाई अमान्य भएको जवाफ दिएका थिए । शुक्रवार साँझ बसेको मोर्चाबिनाको तीन दलले मधेसी मोर्चालाई सहमतिमा ल्याउने प्रयास स्वरुप तीनबुँदे साझा प्रस्तव ल्याएको थियो । उक्त प्रस्तावमा समानुपातिक समावेशी सहभागिता तथा निर्वाचन क्षेत्र निर्धारणको सम्बन्धमा संविधान संशोधनको लागि संसदमा दर्ता भएको संशोधन विधेयकलाई संशोधनको लागि प्रक्रिया अघि बढाउने, प्रदेशको सीमांकनको सम्बन्धमा छलफल र राजनीतिक सहमतिका आधारमा संविधानमा व्यवस्था गर्ने तथा त्यसका लागि राजनीतिक समति गठन गरि तीन महिनामा टुंगो लगाउनुका साथै आन्दोलनरत दलहरुलाई आन्दोलनको कार्यक्रम फिर्ता लिन आह्वान गर्ने उल्लेख छ ।

मोर्चाले प्रमुख दलहरुको प्रस्ताव अस्वीकार गरेपनि फेरि वार्तामा बस्ने सहमति भएको एक नेताले जानकारी दिए । अर्को वार्ता मधेसी नेताहरु दिल्लीबाट फर्किए पछि हुने बताइएको छ । मधेसी मोर्चाका नेताहरु आइतबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणमा दिल्ली जाँदै छन् । मधेस आन्दोलन भारतको सहयोगमा भइरहेको आरोप लागिरहेको बेला उनीहरु मोदीलाई भेटन दिल्ली जान लागेका हुन् । यसअघि मोर्चाका नेताहरु शुक्रवार प्रमुख दलहरुसँगको वार्ता छाडेर नैनीचौरीस्थित भारतीय दूतावासमा

बाँकी अन्तिम पृष्ठमा.....

महिला हिंसा घरबाटै अन्त्य गर्नुपर्नेमा जोड

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

समाजमावै होइन महिलाका लागि कोखनै असुरक्षित हुने क्रम बढेकोमा सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन् । सचेतना समाज नेपाल पोखराद्वारा आयोजित लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान र नेपाली महिला विषय अन्तक्रिया कार्यक्रममा सहभागि वक्ताहरुले सो कुरा बताएका हुन् । प्रमुख वक्ताको रुपमा बोल्दै सचारिका समूह पश्चिमाञ्चलका अध्यक्ष जमुना वर्षा शर्माले १६ दिने अभियान र नेपाली महिला विषय कार्यपत्र प्रस्तुत गर्दै महिलाहरु कोखदेखि काख सम्मनै असुरक्षित हुने क्रम बढिरहेको भन्दै त्यसको कारणको खोजि गरिनु पर्नेमा जोड दिइन । उनले महिलालाई गर्भपतन गर्न बाध्य पार्ने समाज र परिवार सबै भन्दा बढि दोषी रहेको बताइन । जब सम्म महिलालाका लागि कोख सुरक्षित हुदैन तब सम्म काख पनि सुरक्षित हुन नसक्ने उनको भनाइ थियो । उनले महिला र पुरुष कानुनी एवं सामाजिक दृष्टिकोणबाट समान भएकाले पुरुषलाई महिलामाथि हिंसा गर्ने अधिकार नभएको स्पष्ट पारिन् । समुन्नत समाजका लागि एकले अर्कोको आत्मसम्मान, सहअस्तित्व र समान जिम्मेवारी र भूमिकाबाट अघि बढ्न सके हिंसा न्यूनिकरण हुने उनको भनाइ थियो ।

अधिवक्ता तिलक पराजुलीले सभ्य समाजकालागि लैंगिक हिंसा कलङ्क भएको बताए । महिला अधिकारको आन्दोलनको उपज राष्ट्रपति र सभामुख महिला भएको भन्दै अधिकार प्राप्तिको आन्दोलनमा महिला पछि हट्न नहुने बताए । अर्का वक्ता कमल ढकालले समाज परिवर्तनका लागि सांस्कृतिक रुपान्तरणमा जोड दिनु पर्ने बताए । अधिवक्ता विनिता नेपालीले समाजले महिला र पुरुषलाइ हेर्ने गहिरो भेदभाव र फितलो दृष्टिकोण परिवर्तन आवश्यक रहेको बताइन ।

अधिवक्ता गिता आचार्यले पुराना धर्म ग्रन्थहरुले नै महिलालाई सम्मान गर्न नसक्दा त्यसैबाट विकसित संस्कृतिले महिलामाथिको हिंसालाई बढावा दिएको बताइन । मिडिया विश्लेषक शेखर पराजुलीले लैंगिक हिंसा न्यूनिकरणमा संचारको महत्वपूर्ण भूमिका हुने बताउदै पत्रकारले तथ्यांकको भन्दा तथ्यको पछि लागेर वास्तविकता उजागार गर्नु पर्ने बताए ।

नागरिक समाज पोखराका संयोजक रामबहादुर पौडेलले हिंसा न्यूनिकरणको पहल घर घरबाट थालनी गर्न सके स्वतः हिंसा रहित समाज र राष्ट्र बन्न सक्ने बताए । सचेतन समाज पोखराका संयोजक अधिवक्ता सुरेन्द्र थापा मगरले महिला हिंसा बढ्नुमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक कारण प्रमुख रहेको भन्दै समाजको निर्माणकालागि शारीरिक र मानसिक रुपमा महिलाहरु मजबुत हुन आवश्यक रहेको बताए । कार्यक्रमा अधिवक्ता शिव सुनार, प्रभाष पराजुली, भगवति शर्मा, सौन्दर्यकर्मी गिता के.सी, रेडियो जनगीका स्टेशन म्यानेजर विमला भण्डारी लगायतले घर शान्ति नै विश्व शान्तिको आधार भन्ने भनाइलाई आत्मसात गरीहिंसा रहित समाजको साझा अभियानमा महिला पुरुष दुवै जुटन सके परिवर्तन सम्भव हुने बताउनु भयो । रेडियो जनगीको आतिथ्यतामा सम्पन्न कार्यक्रमको सभाध्यक्षता प्रध्यापक उमाकान्त शर्माले गर्न भएको थियो ।

अर्पणद्वारा दर्पण लायन्स क्लबलाई आधिकारिकताको प्रमाणपत्र प्रदान

आफ्नो कार्यकाल उच्च सफलतातर्फ उन्मुख-गभर्नर थापा

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालका गभर्नर ध्रुव थापाले आफ्नो कार्यकालको छोटो समयमै उच्च सफलतातर्फ उन्मुख भएको बताएका छन् । डिष्ट्रिक्टको जिम्मेवारी सम्हाल्ने क्रममा गरेको बाचा र आफूले लिएको लक्ष्य कार्यकालको ५ महिनामै हासिल भएको भन्दै उनले डिष्ट्रिक्ट ३२५ बी १ विश्वबै दोस्रो नम्बरमा आउन सफल भएको बताए । शनिवार पोखरामा सम्पन्न लायन्स क्लब अफ पोखरा दर्पणको चार्टर्ड हस्तान्तरण समारोहमा बोल्दै गभर्नर थापाले भने-'मेरो कार्यकालमा डिष्ट्रिक्टमा कसैले नसोचेको काम भएको छ । डिष्ट्रिक्टमा आबद्ध क्लब तथा लायन्स सदस्यहरुले समेत उच्च मूल्याङ्कन गर्ने खालको काम गरेका छन्, जिम्मेवारी निर्वाह गरेका छन् । ती सहयोग गर्ने हातहरुलाई म हृदयदेखि नै उच्च सम्मान व्यक्त गर्दछु ।' उनले डिष्ट्रिक्टलाई यस्तो महान कार्यमा महत्वपूर्ण योगदान र सहयोग गर्ने सबै लायन्स तथा २०८ वटा लायन्स क्लबहरुलाई धन्यवाद ज्ञापन गरे ।

गभर्नर थापाका अनुसार लायन्स क्लब अन्तर्राष्ट्रियले १०० औं वर्षगाँठ मनाउने तयारी गरेको छ । हाल लायन्सको संगठन करिब २१४ मुलुकमा विस्तार भइसकेको भने करिब १४ लाख सदस्य लायन्समा आबद्ध रहेको बताइन्छ । नेपालमा लायनवादको विस्तार भएको करिब ४४ वर्ष पुगेको छ । हाल डिष्ट्रिक्ट ३२५ बी १ मा मात्र २०९ वटा क्लब र ६ हजार १२७ जना सदस्य पुगिसकेको बताइन्छ । नेपालमा करिब ६ सय क्लबका साथै १८ हजार बढी सदस्य पुगेको बताइन्छ । नेपालमा आइपर्ने विपत्तिको सामना एवं सहयोग गर्ने उद्देश्यले २२ वर्षअघि नेपाल लायन्स फाउण्डेशन (एनएलएफ) स्थापना भएको थियो । २२ वर्षको अवधि अर्थात गत आर्थिक मशान्तसम्ममा फाण्डेशनको कोषमा १ करोड १२ लाख रुपैयाँ थियो । यापाले डिष्ट्रिक्टको जिम्मेवारी सम्हालेको ५ महिनामै करिब एक हजार तीन सदस्य सहित १ करोड २७ लाख रुपैयाँ कोषमा थपिएको छ । लायन्स फाउण्डेशनको सदस्यता लिनका लागि कम्तिमा ५ हजार १०० रुपैयाँ तिर्नुपर्ने हुन्छ । उक्त कोषमा हाल करिब २ करोड ४० लाख रुपैयाँ पुग्न लागेको छ भने । यसका साथै डिष्ट्रिक्ट ३२५ बी १ बाटमाउ ७० जना लायन्सहरुले मेल्भिन जोन फाउण्डेशन (एमजेएफ) को सदस्यता लिइसकेका छन् । उक्त फाउण्डेशनको सदस्यता लिनका लागि १ हजार रुपैयाँ डलर तिर्नुपर्ने हुन्छ । एनएलएफको कोषमा जम्मा भएको रकमलाई नेपालको भूकम्प पीडितका लागि अन्तर्राष्ट्रिय लायन्सबाट ५० करोड रुपैयाँ आउन लागेको जानकारी

दिए । उक्त रकमबाट नेपालमा १ हजार घरहरु बनाइने प्रक्रिया अन्तिम चरणमा पुगेको बताए । सरकारले प्राधिकरण निर्माणमा ढिलाई गरेका कारण आफूहरुले योजना अघि बढाउन ढिलाई भएको स्पष्ट पार्दै उनले सरकारले पुनःनिर्माणको जिम्मेवारी राष्ट्रिय योजना आयोगलाई दिएकाले आफूहरुले पनि १ हजार घर बनाउने योजना अघि बढाइसकेको जानकारी दिए । गभर्नर थापाका अनुसार पोखरामा हर्टकेयर सेन्टर निर्माणको प्रक्रिया पनि अन्तिम चरणमा पुगेको छ । यस्तै भूकम्पबाट प्रभावित जिल्लाहरुमा १६ विद्यालयका भावनहरु निर्माण कार्य शुरु भइसकेको उनले बताए । डिष्ट्रिक्ट ३२५ बी १ का गभर्नर थापाकै सकियतामा काठमाडौं, पोखरा र भ्यादौमा ३ वटा एम्बुलेन्स संचालनमा आइसकेका छन् ।

कार्यक्रममा लायन्स क्लब अफ पोखरा अर्पणले स्पोन्सर गरेको क्लब लायन्स क्लब अफ पोखरा दर्पणलाई लायन्स क्लबको आधिकारिताको प्रमाणपत्र प्रदान गरिएको छ । लायन्स अन्तर्राष्ट्रियबाट प्राप्त आधिकारिताको प्रमाणपत्र डिष्ट्रिक्ट गभर्नर थापा र अर्पण लायन्सकी अध्यक्ष लक्ष्मी पाण्डेले दर्पणको नेतृत्व गरिरहेका ई. सञ्जीव थापा र प्रथम उपाध्यक्ष ई. सुरेन्द्र पाण्डेलाई हस्तान्तरण गरेका थिए । उक्त क्लबमा ४० जना सदस्य रहेका छन् । अर्पण लायन्सले शनिवार नै लायन्स क्लब अफ पोखरा अञ्जुलीको समेत उद्घाटन गरेको छ । उक्त क्लबको उद्घाटन डिष्ट्रिक्ट गभर्नर थापाले गरेका थिए । दर्पणका पदाधिकारी एवं सदस्यहरुलाई पदस्थापन गराउँदै डिष्ट्रिक्ट सेक्रेटरी विश्वेश्वर आचार्यले लायन्सको नीति अनुरुप पद तथा गोपनीयताको शपथ खुवाएका थिए । सेक्रेटरी आचार्यले लायन्सको नीति र लायन्समा आबद्ध क्लबहरुले गर्नुपर्ने कर्तव्य तथा निर्वाह गर्नुपर्ने भूमिकको बारेमा जानकारी गराएका थिए । त्यस अवसरमा गभर्नर थापाले दर्पण लायन्सका अध्यक्ष ई. सञ्जीवसहित क्लबका ४० जनालाई नै विशेष पिन र प्रमाणपत्र द्वारा सम्मान गरेका थिए भने मेल्भिन जोन फाउन्डेशनको सदस्यता लिएका क्लबका अध्यक्ष थापालाई लायन्स टाइडारा समेत सम्मान गरेका थिए । क्लबका अध्यक्ष ई. सञ्जीव थापाले अर्पण लायन्सकी अध्यक्ष लक्ष्मी पाण्डे, जोन चियर पर्सन रमेश बहादुर खत्री, एक्सटेन्सन चियर पर्सन जीवन बहादुर क्षेत्री, पूर्व मल्टिपल काउन्सिल चियर पर्सन प्रेमबहादुर श्रेष्ठ र गाइडिङ गोविन्दबहादुर खत्रीलाई विशेष सहयोग गरेकोमा मायाको चिनोद्वारा सम्मान गरेका थिए । त्यस अवसरमा बोल्दै अध्यक्ष थापाले आफ्नो क्लबलाई डिष्ट्रिक्टकै नमूना बनाउने प्रण गरेका छन् भने क्लबमा आबद्ध सबै सदस्यबाट उपयुक्त सहयोग पाउने अपेक्षा गरेको छन् । त्यस अवसरमा उनले आफ्ना क्लबले गर्ने भावी रणनीति समेत प्रस्तुत गरेका थिए । कार्यक्रममा जोन चियर पर्सन रमेश बहादुर खत्री, रिजन चियर पर्सन राजेन्द्र सापकोटा, गाइडिङ गोविन्दबहादुर खत्री, पूर्व मल्टिपल काउन्सिल चियर पर्सन प्रेमबहादुर श्रेष्ठ लगायतले शुभकामना एवं लायन्स गतिविधि बारे प्रकाश पारेका थिए । अर्पण लायन्सकी अध्यक्ष लक्ष्मी पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत एवं संचालन सचिव अमिता बानिया केसी र ध्वजाको अभिवादन हीरा भण्डारीले गरेकी थिइन ।

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

वार्ता गर्न अलमल नगर

प्रमुख दल र मधेशी मोर्चाबीच शुक्रबार हुने भनिएको वार्ता रोकिएको छ । वार्ता रोकिनुका पछाडि दुवै पक्षले आ-आफ्नै दावी गरेका छन् । प्रमुख दलहरुले साझा धारणा तय नगरेकाले वार्ता फलदायी हुने नदेखेर आफ्नुहरु वार्तामा नगएको मधेशी मोर्चाका शीर्ष नेताहरुले बताएका छन् । प्रमुख दलका नेताहरुले भने मधेशी मोर्चाका शीर्ष नेताहरु वार्तामा नआएपछि रोकिएको बताएका छन् । यो दुवै कुरा साँचो हो कि वार्ता सफल बनाउन अहिलेसम्म दुवै पक्ष गम्भीर हुन सकेका छैनन् । प्रमुख दलहरुले मधेशी मोर्चाका माग सम्बोधन गर्ने सवालमा साझा धारणा बनाउन नसकेको पनि साँचो हो । मधेशी दलका नेताहरुले वार्तालाई भन्दा आन्दोलनलाई प्राथमिकता दिन खोजेको पनि साँचो हो । यसरी दुवै पक्षबाटै वार्तालाई कम महत्व दिनुको पछाडि एउटै कारणले काम गरेको छ, त्यो हो देशभित्रभन्दा बाहिरको आशा गर्नु । केही दिनयता सरकारको गतिविधि केही फेरिएको महसुस सबैले गर्न थालेका छन् । अहिलेको तराई क्षेत्रको सबै तनाव भारतकै कारण सिर्जना भएकाले भारतसंग कुरा मिलेपछि मधेशीहरुसाग स्वतः कुरा मिल्छ भन्ने सरकारको बुझाइ छ । त्यही भए सरकारले केही दिनअघि मन्त्रिपरिषदबाट नाकाबन्दी खुलाउन सबै विकल्प खुला गर्ने र भारतसंग उच्चस्तरको संबाद थाल्ने निर्णय गरेको थियो । यो निर्णयलगत्तै केही सत्तारुढ दलका नेताहरु भारत गएका थिए भने भारतीय सत्तारुढ दलका नेता पनि नेपाल आएका थिए । उनीहरुबीचको छलफलपछि परराष्ट्रमन्त्री कमल थापाले परराष्ट्रविदहरुलाई बोलाएर नेपालका नेताहरुले भारतलाई केही आश्वासन दिएको र त्यो पूरा नभएपछि भारत रिसाएको बताएका थिए । लगत्तै उनी भारत भ्रमणमा गए र उच्चस्तरीय भेटवार्ता गरे । त्यहांबाट हिजो फर्केका थापाले समस्या समाधानका लागि भारत सकारात्मक रहेको मात्र बताए । उता हिजै भारतीय संसदको नेपाल मामिलासम्बन्धी बहसमा भाग लिएकी भारतीय विदेशमन्त्री सुष्मा स्वराजले नेपालका परराष्ट्रमन्त्री कमल थापासंगको भेटपछि समस्या समाधान हुनेमा आफू आशावादी रहेको बताएकी थिइन् । यी सबै घटनाक्रमबाट के देखिन्छ भने तराई मधेशको समस्यालाई एउटा आवरण मात्र बनाएर फेरि भारतीय चाहनालाई केन्द्रमा राख्ने प्रयास भइरहेको छ । मधेशको मामिला देशभित्रको मामिला हो । यसलाई सम्बोधन गर्ने भनेको पनि देशभित्रकै शक्तिले हो । तर पछिल्लो समयमा जसरी भारतलाई केन्द्रमा राखेर समस्या समाधान गर्ने प्रयत्न भइरहेको छ, यसले दीर्घकालीनरुपमा नेपालको सार्वभौमिकता र स्वाधीनतालाई वलियो बनाउन सहयोग गर्दैन । मधेश आन्दोलनको उठान जुनहुंगले भए पनि यसलाई भारतीय नियन्त्रणमा पठाउने काम गरियो । यसमा मधेशी नेताहरु त दोषी छन् नै, प्रमुख दलका शीर्ष नेताहरु पनि उत्तिकै दोषी छन्, जसले मधेशी जनताको वास्तविक माग र भारतीय चाहनालाई छुट्याउन सकेनन् । प्रमुख दलहरुले शुरुमा आठ प्रदेश बनाउने सहमति गरे । फेरि छ प्रदेशमा झरे र कंतिपय क्षेत्रको आन्दोलनपछि सात प्रदेशमा जाने सहमति गरे । यही कमजोरी नै अहिलेको अवस्था आउनुको प्रमुख कारण हो । छवाटा सात प्रदेश बनाउने सहमतिपछि थाप समुदायको आन्दोलन तीव्र भयो । प्रदेश सीमाकनका कारण थार समुदायमाथि अन्याय भएकै हो । तर थारु आन्दोलन अघि बढेर कैलालीमा नरसंहार हुंदासम्म मधेश आन्दोलनको कुनै संकेत थिएन, जब कि मधेशका आठ जिल्लाको एउटै प्रदेश बनेपछि मधेशी समुदायले खुशी मनाएका थिए । थारु आन्दोलन अनियन्त्रित भएपछि त्यो मुद्दा विस्तारै पूर्व सर्न थाल्यो । या त छवाट सात प्रदेश बनाउन नहुने, बनाउने परे थारुको माग सम्बोधन गरिनुपर्थ्यो । त्यसो नगर्दा तराई मधेशमा पहाडी समुदायले उठाएको माग पुरा हुन्छ तर थारु मधेशीले उठाएको माग पुरा हुंदैन भन्ने भ्रम सिर्जना गरियो । यही भावनात्मक उत्तेजनालाई तराईभरि विस्तार गरियो । तर प्रमुख दलहरुले आफ्नो एजेण्डा लिएर मधेश भनें प्रयत्न गरेनन् । यसले गर्दा एजेण्डा नहुंदा-नहुंदै पनि मधेशी संवेदनाकै भरमा आन्दोलन अघि बढ्यो र झण्डै ५० जनाले ज्यान गुमाए । यहांसम्म आइपुग्दा योजनाबद्ध रुपमा भारतले मधेश आन्दोलनको लगाम आफ्नो हातमा लिन सफल भयो । फलस्वरुप अहिले मधेशी दलले पनि भारतलाई नै मुक्तिदाता मान्ने स्थिति आएको छ भने सरकारले पनि विपक्षी वार्ताकारको रुपमा भारतसगै छलफल गर्नुपर्ने अवस्था आएको छ । नेपालको समस्या समाधान गर्नुपर्छ र जनजीवन सहज बनाउनुपर्छ । तर यसका लागि भारतलाई नै केन्द्रमा राखेर निकास खोज्ने प्रयास गरियो भने नेपालको हितमा हुनेछैन । त्यसैले मधेश समस्या नेपालको आन्तरिक समस्या हो र यो नेपालबाटै समाधान गरिनुपर्छ । यसमा भारतले अनावश्यक आफ्नो स्वार्थ खोज्नु वा उसलाई स्थान दिनु गलत हुनेछ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल मंसिर २० गते आइतबार, तदनुसार विसाम्बर ६ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको एकादशी तिथि ५२ घटि ४२ पला अर्थात रातिमा ३ बजेर ४४ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा कन्या राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३९ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला ।

वृष : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीका श्रोत घट्न सक्ने ।

मिथुन : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाइले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ ।

कर्कट : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ ।

सिंह : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ ।

कन्या : इष्टमित्रबाट सहयोग गर्नेछन, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसंग सुमधुर रहने, यात्रा फलदायी हुनेछ ।

तुला : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ ।

वृश्चिक : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला ।

धनु : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

मकर : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्वीवर्ससंग किचलो हुने, गरेको कार्य अर्थहिन हुने ।

कुम्भ : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैरास्यता बढ्ने, समय खराब छ जोगिनुहोला ।

मीन : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

आन्दोलनको शुद्धता बचाउन आवश्यक

लम्बिदो मधेश आन्दोलन सँगै नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक अवस्था जटिलता तर्फ धकेलिदैछ। कसरी हुन सक्ला वर्तमान गतिरोधको अन्त्य? सरकार र राजनीतिक दलहरू प्रति जनविश्वास घटदो छ। यसैकारणले होला सामाजिक सञ्जाल र संचारमाध्यममा प्रश्न गरिदैछ-खोइ नागरिक समाज?

मुख्यतः सामाजिक सञ्जालमा यस्ता प्रश्नको बाढीलाइ सबैले पढ्न सक्छन्। नेपालको हिंसात्मक द्वन्द्व समाधानका निम्ति केही वर्ष अघि मात्रै 'नागरिक समाज'ले खेलेको भूमिकालाई धेरै नेपालीले सम्झेका होलान्। उसो त नागरिक समाजलाई वर्तमान समस्या के कारक तत्वको रूपमा बुझने दृष्टिकोण नभएको होइन। राजनीतिक संकट बढ्दै जाँदा, 'नागरिक अगुवा' भनेर चिनिएका व्यक्तिलाई आक्रोश र आग्रहले भरिएका प्रश्न पनि गरिदैछ् तर, यस्ता आलोचकलाई एकछिन विसिंएर नेपालमा 'नागरिक समाज' भनेको के होला भन्ने प्रश्न गरौं है अहिलेको सन्दर्भमा खोजिएको 'नागरिक समाज' भनेको काठमाडौंका 'पहाडी' बुद्धिजीवि संस्करण 'गैरदलीय राजनीतिक' शक्तिको खोजी हो भनेर बुझ्न गाह्रो छैन। जनपरिचालन वा अन्य उपायद्वारा नागरिक समाजले राजनीतिक दल र सरकारलाइ वर्तमान विवादित मुद्धामा सहमति कायम गर्न बाध्य पार्नैछ भन्ने बुझाई नागरिक समाजका पक्षधरमा रहेको पाइन्छ। यदि नागरिक समाजको विगतलाई मात्रै सम्झने हो भने यो बुझाई गलत होइन। आखिर कसरी भयो नेपालमा नागरिक समाज सम्फनलायक शक्ति? सैद्धान्तिक बहसभित्र नअल्झी भन्नुपर्दा नेपालमा नागरिक समाज अन्तर्गत तीन धारलाइ राखिन्छ- पहिलो, सहितिय गैरसरकारी संस्थाहरू दोश्रो, पेशागत सङ्गठनहरू र तेश्रो विशेष परिस्थिति र समस्याका कारण जन्मिएका अस्थायी प्रकृतिका अभियान र आन्दोलन। नेपालमा नागरिक समाजको 'डिस्कोर्स' लोकप्रिय बनाउने श्रेय भने राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध ०६२/६३ मा जन्मिएको तेस्रो धारको शक्तिलाई जान्छ। यो लेख यहि तेस्रो धारमा केन्द्रीत छ।

राजा ज्ञानेन्द्रले सत्ताको बागडोर आफ्नो हातमा लिएपछि 'नागरिक समाज'को नाममा यही तेश्रो धारले जनतालाई ठूलो संख्यामा सडकमा उतार्यो। २०६२ को साउनदेखि ३/४ महिनाको समयावधीमा सम्पूर्ण नेपाल नै नागरिक समाज र नागरिकमय देखियो नेपालको इतिहासमा सायद पहिलो पटक नागरिक र नागरिक समाज जस्ता शब्द व्यापक रुपले प्रयोग भयो अहिले आएर नागरिक समाजप्रति देखिएको आशा र आक्रोश त्यहि ०६२/६३ को आन्दोलनमा देखिएको उसको भूमिका र 'डिस्कोर्स'को कारण नै भएको हो। झन्डै एकदशक पश्चात वर्तमान स्थितिमा नागरिक समाजबाट गरिएको आशा र अपेक्षा बारे चर्चा गर्नु अघि ०६२/६३ को आन्दोलनमा नागरिक समाजको शक्ति 'अनपेक्षित' ढंगले कसरी सम्भव भयो भन्ने बारे बुझ्नुपर्ने हुन्छ। पहिलो, यसका परिस्थितिजन्य कारण थिए। राजाको प्रत्यक्ष शासनका समयमा व्यापक राजनैतिक शून्यता थियो। निर्वाचित संस्था थिएनन्। दरबार हत्याकाण्डमा राजाको प्रत्यक्ष सम्बन्ध भएको पत्याउने समूह ठूलो थियो र सायद अझै छ। सानातिना दल र गुटका नेता बाहेक शाही शासनको सक्रिय समर्थन गर्ने सङ्गठित शक्ति भएनन्। अन्तर्राष्ट्रिय समर्थन त झनै न्यून थियो। अर्को तर्फ सहरी बुद्धिजीवीको गैरसरकारी अन्तर्राष्ट्रिय सञ्जालमा पहुंच अत्यन्तै व्यापक थियो। राजाले परिस्थितिलाई आफू अनुकूल ढाल्न सक्ने स्थिति निर्माण भएन।

नेपाली सेनाको प्रत्यक्ष संलग्नतामा भएको राजाको शासनप्रति विषेशतः बौद्धिक वर्ग अत्यन्तै शसङ्कित थियो। हिंसात्मक प्रतिरोधमार्फत् राजनीतिमा उत्रिएको माओवादी समस्याको समाधान वार्ताद्वारा गरिनु पर्ने र 'राज्यको पुनर्संरचना' हुनुपर्नेमा काठमाडौंको बौद्धिक वर्ग लगभग सहमत जस्तै थियो। यही बौद्धिक वर्गले संसदीय दललाई समेत राजनीतिक सहमतिमा ल्याउन दबावमुलक भूमिका खेलेको थियो। तर नागरिक समाजले भनेको 'लोकतन्त्र'को संघर्ष समानता र शान्तिको आदर्शको लागि मात्र भएको लडाई थिएन। यस्तो लोकतन्त्र त पत्रकार, लेखक, पाध्यापक, अनुसन्धानकर्ता लगायतका लेखपढ गरेर खाने ठूलो 'मध्यम वर्ग' र गैरसरकारी संस्थामा काम गर्ने ठूलो सङ्ख्याका कार्यकर्ता तथा कर्मचारीको प्रत्यक्ष रोजगार र जनजीविकाको प्रश्न पनि थियो।

यति भन्दाभन्दै, नागरिक समाजको उदयका निम्ति उल्लेखित परिस्थिति मात्र पर्याप्त थिएन। संसदीय दलहरूलाई आफ्नो छवी जनतामाझ लोकप्रिय छैन भन्ने कुरामा शंका भएन। उनीहरूमा शाही शासन विरुद्ध आन्दोलन नेतृत्व गर्न सकौंला भन्ने आत्मविश्वास झनै कमजोर थियो। राजतन्त्र विरुद्ध कुनै किसिमको शक्ति निर्माण होस्, यसको नेतृत्व मैवीपूर्ण कुनै शक्तिले गरोस्, राजतन्त्र कमजोर होस् र 'प्रजातन्त्रको भागिदारी' अन्ततः आफू भएकाले सत्ता जसरी भएपनि आफ्नो हातमा फर्कियोस भन्ने सोचमा थिए नेपालका राजनीतिक दला दोश्रो, ज्ञानेन्द्रको शासनबाट प्रत्यक्ष रूपले पीडित भएका नेपालका शक्तिशाली मिडिया आन्दोलनकारीका साथमा नै थिए। यस्ता मिडियाका शक्तिशाली पत्रकार र विवादित ठूला गैरसरकारी संस्थामाथ पनि आन्दोलनको नेतृत्व राजनीतिक दलले गर्न सक्दैनन भन्ने विश्वास व्यापक थियो। यस्तो परिस्थितिमा कहाँबाट ल्याउने 'लोकतन्त्र'का निम्ति 'नयाँ शक्ति'? यही नयाँ शक्तिको खोजीमा जन्मियो नेपालको बहुचर्चित नागरिक समाज। औपचारिक राजनीतिको 'मार्जिन'मा रहेका तर आन्दोलन हाँक्न सक्ने सामाजिक, सास्कृतिक र जीवनीगत पुंजी भएका कृष्ण पहाडी, डा. देवेन्द्रराज पान्डे, खगेन्द्र सङ्गैला लगायतका 'नागरिक अगुवा' को नेतृत्वमा सम्भव भयो 'नयाँ शक्ति'। अर्थात, ०६२/६३ को नेपाली नागरिक समाजा छोटकरीमा भन्दा, नागरिक समाज धेरैले बुझे जस्तो कुनै 'स्वकृर्त', 'स्वतन्त्र' र 'सम्भ्रभ' शक्ति थिएन। नागरिक समाजको आन्दोलन त केही नागरिक अगुवा, पत्रकार, राजनीतिक दल र अन्तर्राष्ट्रिय शक्तिको निरन्तर सम्पर्क, समन्वय र सहकार्यको परिणाम थियो। अझ भनौं, राजनीतिक दल, गैरसरकारी संस्था र संचार माध्यमको अहम भूमिकाले सम्भव बनायो नेपालमा ०६२/६३ ताका नागरिक समाजको निर्माण। अब लागौं मधेस आन्दोलनले ल्याएको राजनीतिक संकट र हामीले खोजेको नागरिक समाजको भूमिका तर्फ। यस्तो अवस्थामा नागरिक समाजले पहिले भनै प्रभावकारी र नेतृत्वदायी भूमिका खेल्न सक्ला? ठ्याक्कै कस्तो हुन्छ भन्ने भविष्यवाणी त ज्योतिषीले वा कहलिएका पत्रकार वा स्तम्भकारले गर्न सक्लान्।

तर यसको जवाफ खोज्ने क्रममा अनुमान गर्न भने गाह्रो छैन। अहिलेको परिस्थिति नितान्त फरक छ। पहिले राजतन्त्र आन्दोलनका क्रममा सबैको साझा तारो थियो। तर आज न राजतन्त्र छ न कुनै साझा दुश्मन। दोश्रो, शक्तिशाली निर्वाचित संसद अहिले जिवित छ। ओली वा कोइराला अलोकप्रिय होलान्। तर सरकारको वैधानिकता माथि प्रश्न उठाउन सजिलो छैन। तेस्रो, ०६२/६३ मा जस्तो आज आएर राजनैतिक दलले आफ्नो अस्तित्वको लडाई गर्न परेको छैन। न त संचार जगत माथि नै कुनै 'एकतन्त्रीय' शासनको खतरा छ। महत्वपूर्ण कुरा त राजनैतिक दल र संचार जगत नै मधेस आन्दोलनका सन्दर्भमा विभाजित छन्। कसरी सम्भव होला यस्तो अवस्थामा जनपरिचालन ? महत्वपूर्ण कुरा त मधेसका मुद्धामा नागरिक समाज नै तीव्र रुपले विभाजित छ। ०६२/६३ मा सम्पन्न नागरिक समाजको आन्दोलन 'लोकतन्त्र,' 'समावेशिकरण' र 'राज्य पुनर्संरचना' जस्ता अमूर्त, बहुअर्थी र आदर्शवादी नाराका भरमा एकीकृत भएको थियो। तत्कालीन परिस्थितिमा देशका विभिन्न समूहलाई परिचालित गर्न यी नाराहरू उपयोगी थिए। अहिले परिस्थिति भनेको तत्कालीन आदर्शलाई मुर्त रूप दिने क्रममा उत्पन्न भएको चुनौतिपूर्ण अवस्था हो। उदाहरणका लागि 'समावेशिकरण' कै अवधारणालाई हेरौं। अहिले आएर यो लोकप्रिय नारामात्र होइन। कहाँ, कस्तो प्रकारको र कति प्रतिशत समावेशी भन्ने बारे ठोस रूपमा निर्णय गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा स्थायी राजनीतिक आधार नभएको, आफ्नै राजनीतिक महत्वकाङ्क्षा नभएको र आफैंमा विभाजित नागरिक समाजले यस्ता मुद्धालाई मूर्तरुप दिन र सामुहिक धारणा बनाउन लगभग असम्भव हुन्छ। वास्तवमा, जबजब अमूर्त नारालाई ठोस रूप दिन थालियो, समाज र राजनीतिक दल विभाजित हुदै गए र यसरीनै नागरिक समाज पनि यसले पहिले जस्तो एकीकृत नागरिक समाजको आन्दोलनको सम्भावनालाई न्युन पार्ने नै भयो।

अर्को, दक्षिणको 'असल' छिमेकीको हस्तक्षेपकारी भूमिका र मधेसी मुद्दाको खुला बकालतले नेपाली राजनीति र समाजलाई झनै विभाजित बनायो। भारतीय हस्तक्षेपले नेपाली पहाडमा लामो समयदेखि व्याप्त भारतविरोधी राष्ट्रवादलाई नयाँ उचाईमा पुऱ्याएको छ। अब आएर नेपाल-भारत सम्बन्धलई पुरानै स्वरुपमा फर्काउन दसकौं लाग्ला। महत्वपूर्ण कुरा त भारतीय भूमिकाका कारण धेरैले आशा गरेको नागरिक समाजको शक्ति नै विभक्त र क्षीण हुन पुग्यो। मधेस आन्दोलनले पहाडमा अत्यायधिक सामरी आपूर्तिमा अभाव सिर्जना गर्नु राजनैतिक शक्ति सङ्घर्षमा सामान्य विषय हुन सक्थ्यो होला। विगतमा यस्तो भएकै पनि हो। तर मधेसी आन्दोलनकारी र बुद्धिजीवि भारतीय नाकाबन्दीलाई खुलेर स्वागत गरेर यसैलाई आन्दोलनको मूल रणनीति र नाराको रुपमा प्रस्तुत गरेपछि पहाडी बुद्दिजीवी र सम्पदायमा स्वभाविकरुपले तीव्र प्रतिक्रया देखा पर्यो।

मधेसी आन्दोलनकारी, नेता र बुद्धिजीवीले पहाडी जनतालाई सिधा वा घुमाउरो पारामे भनेको कुरा स्पष्ट छ: मधेसी आन्दोलनको माग पुरा गर्न सडक जाउ, नत्र भोकै भोकै मर। यस्तो अवस्थामा काठमाडौंको नागरिक समाजले कुन बाटो समाउने? माथि उल्लेख भए भै जनपरिचालनको अवस्था छैन। दोश्रो विकल्पका रूपमा भने राज्यले जनतालाई 'भोकभोकै मार्ने' लागेको भन्दै सरकारलाई 'लज्जित' पार्न केही पहाडी नागरिक अगुवा आन्दोलनका निम्ति लागि परेकै छन्। तर विभाजित नागरिक समाजलाई काम गर्न सजिलो छैन। उदारहणको लागि हामी कुनै समयमा अत्यन्तै निकट मानिएका कृष्ण पहाडी, देवेन्द्रराज पान्डे र खगेन्द्र सङ्गैलालाई लिन सक्छौं। पहाडी अत्यन्तै कडा रूपमा भारतिय नाकाबन्दी विरुद्ध प्रस्तुत भएका छन्। पाण्डे पनि नाकाबन्दीको विरूद्धमा सामाजिक सञ्जालमा सक्रिय छन्। मधेस आन्दोलनलाई 'बिना शर्त' समर्थन गर्ने संगैलाले भने भारतको नरम विरोध गर्ने गरेका छन्। आन्तरिक राजनीति मिल्नेवित्तिकै भारत झानी

चूडामणि बस्नेत

बालक झै पूर्ववतः स्थितिमा फर्केने छ भन्ने सोचाइ राख्छन सझैला। यसको सार के हो भने मधेस आन्दोलन र भारतिय हस्तक्षेप सायै लिएर हिंड्न सजिलो छैन नेपालमा कहलिएका नागरिक समाजका सदस्यहरूलाई। नाकाबन्दीबाट एक कदम अघि बढ्दै पछिल्ला केही दिनमा केही प्रभावशाली मधेसी बुद्धिजीवी देश 'विखण्डन'मा जाने कुरा पनि तीव्र रुपमा प्रचार गर्दै छन्। सायद यी बुद्धिजीवीको उद्देश्य पहाडीले देशको अस्तित्वमा नै समस्या देखुन् र विद्रोह गरुन् भन्ने होला। यस रणनीतिको फाइदा भनेको परम्परागत पहाडी मनोविज्ञानलाई सिधा प्रहार गर्न सक्नु हो। यस्तो प्रचार गर्न बुद्धिजीवी विश्व इतिहासमा राष्ट्रवाद र राज्यनिर्माणको जटिलता बारे या त अनभिज्ञ छन् या त बाहनाबाजी मात्र गर्छन्। यसले समाज र नागरिक समाजलाई झनै विभाजित गर्ने पक्का छ। यस्तो अवस्थामा नागरिक समाजले के नै गर्ला र ! सायद यसैकारण नेपालको अर्थराजनीति र समाजका तिक्ष्ण अध्येता डा देवेन्द्रराज पाण्डेले केहि समय पहिले नागरिक समाज होईन 'नागरिक' का हैसियतले केहि राजनीतिक भेटघाट गरेको कुरा सामाजिक सञ्जालमा लेखेका थिए। नागरिक समाज भनेको कुनै सामाजिक संरचना भन्दा बाहिरको कुनै ठूलो, गतिलो र 'निष्पक्ष' शक्ति होइन। नेपालको नागरिक समाज स्वभाविक रुपले विभाजित अवस्थामा छ।

वर्तमान भारत विरोधी लहरलाई एक थरी बुद्धिजीविले 'उग्र राष्ट्रवाद' वा 'महेन्द्रीय राष्ट्रवाद' नामाकरण गर्दै सजिलो बाटोबाट हिंड्न खोज्दैछन। नेपालमा यस्तो राष्ट्रवादको प्रभाव नभएको होइन। तर पछिल्लो समयमा आन्दोलन कारीको नाकाबन्दी र भारतिय हस्तक्षेपको स्वागत गर्ने मधेसीवादी दलको रणनीति नै नेपाली समाजलाई तीव्र ध्रुवीकृत गर्ने मुख्य कारक तत्व हो। यस्तो अवस्थामा कुनै अकल्पनीय नयाँ राजनीतिक घटनाक्रम विकास नहुँदा वृहत नागरिक समाजको आशा गर्नु सायद बेकार छ।

(लेखक नयाँ दिल्ली स्थित साउथ एशियन युनीभर्सिटीको समाजशास्त्र विभागमा असिस्टेन्ट प्रोफेसरका रुपमा कार्यरत छन्।)

मनमाया तामाङ गण्डकी च्याम्पियन

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

गोरखा खरिबोटकी मनमाया तामाङ गण्डकी च्याम्पियन-२०७२ बन्न सफल भएकी छन्। नव साधना कला केन्द्रद्वारा शनिवार पोखरामा आयोजित एकल नृत्य प्रतियोगिताको फाइनलमा चौथ प्रतिस्पर्धीलाई पछाडि पार्दै मनमाया गण्डकी च्याम्पियन बनेकी हुन्। गोरे गुरुङ, राजबहादुर गुरुङ र प्रदिप राजपाल निर्णायक रहेको निर्णायक मण्डलले दिएको अंक र भोटको आधारमा मनमाया तामाङले गण्डकी च्याम्पियन-२०७२ को उपाधि जित्न सफल भएकी थिइन्।

गण्डकी च्याम्पियनको उपाधिसगै मनमायाले नगद ५० हजार रुपैयाँ हात पारेकी छिन्। गण्डकी च्याम्पियन बनेसगै मनमायालाई नेपाली चलचित्र र म्युजिक भिडियोमा समेत अभिनय गर्ने अवसर प्रदान गरिने प्रतियोगिताका संयोजक अब्बु मियाले बताए। प्रतियोगितामा लेखनाथ सैनिकबस्तीकी सितल गुरुङ दोश्रो स्थानमा आउन सफल बनिन्। शितलले नगद २५ हजार रुपैयाँ, ट्रफी र प्रमाणपत्र हात पारिन। त्यस्तै, एक्लेखेत तनहुँका सुसन पुन र गोरखा ताङलीचोकका लक्ष्मी थापामगरले प्रतियोगिताको क्रमशः तेस्रो र सान्त्वना पुरस्कार जित्न सफल भए। सुसनले नगद १५ हजार र लक्ष्मीले १० हजार रुपैयाँको साथमा ट्रफी हात पारे। प्रतियोगिताको उत्कृष्ट अनुशासन तर्फको उपाधि स्याङ्जा ओरस्टेका सिमाना थापामगरले र उत्कृष्ट भेषभूषातर्फको उपाधि टिकामाया गुरुङले जित्न सफल भए।

कला, संस्कृतिको जगेर्ना, नवप्रतिभाको खोजी, सृष्टा सम्मान र असहायका लागि सहयोगार्थ कला केन्द्रले गत साउन महिनादेखि गण्डकी अञ्चलको विभिन्न क्षेत्रमा गएर प्रतिभाहरुको अडिसन शुरु गरेको थियो। पहिलो अडिसनबाट उत्तिर्ण ४६ जना मध्ये फाइनलका लागि १५ प्रतियोगीहरुका बिचमा प्रतिस्पर्धा गराइएको नव साधना कला केन्द्रका रविन गुरुङले बताए। फाइनल चरणमा निर्णायक मण्डलका लागि ६० र भोटिङ प्रक्रियाका लागि ४० अंक छुट्याइएको थियो। सो अवसरमा नेपाली लोक गीत र संगीतमा विशेष योगदान पुऱ्याएकी भन्दै गायक धनबहादुर गायकलाई नगद १० हजार रुपैयाँ, दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गरिएको थियो। प्रमुख अतिथि एवं लोक गायक तथा संस्कृतिकर्मी पदमराज ढकालले गायकलाई दोसल्ला ओढाएर नगद र सम्मानपत्र प्रदान गरेका थिए।

बालगृहलाई खेलकूद सामाग्री

गोल्डेन न्यूज संवाददाता
पोखरा ९९ मंसिर ।

पोखरा-६,लेकसाइड खहरेका राजु थापा र उनको परिवारले पोखराको महतगौडामा रहेको श्रुजना बालगृहलाई स्टेशनरी तथा खेलकुद सामग्री सहयोग प्रदान गरेका छन्। समाजसेवी थापा, उनका श्रीमति नमुना वस्नेत, छोरी रेजीना थापाले बालगृहमा शनिवार आयोजित एक समारोहका विच बालगृहका व्यवस्थापक सुस्मा गुरुङलाई कापी, कलम, फुटबल, भलिवल, ब्याडमिण्टन, लगायतका सामग्री हस्तान्तरण गरे । कार्यक्रममा बोल्दै हालै अमेरिकाबाट आएका थापाले बालगृहमा रहेका द्वन्दपीडित बालबालिकालाई सहयोग गर्न पाउँदा आत्मैबाट खुसिको महशुस गरेको बताए । बालगृहका व्यवस्थापक सुस्मा गुरुङले उक्त सामग्री बुझ्दै थापा जस्तै सहयोगीको सहयोगमा बालबालिकाले उज्यालो भविष्य प्राप्त गर्ने बताइन् । बालगृहमा २७ जना बालबालिका आश्रुत छन् ।

नेतृत्व विकास तालिम

पोखरा ९९ मंसिर ।

लायन्स क्लब अफ पोखरा माछापुच्छ्रे भिलेजको क्षमता विकास तथा नेतृत्व विकास तालिम शनिवार पोखरामा सम्पन्न भएको छ। तालिमको लायन्स क्लब अफ नेपाल ३२५ बी १ का क्याविनेट सेक्रेटरी एमजेफ लायन विश्वेश्वर आचार्यले उद्घाटन गर्दै सबै संघ संस्था र समुदायमा नेता र नेतृत्व सबैको आशाको र भरोसाको केन्द्र भएको हुँदा सबल र सक्षम नेतृत्व विकासमा यस्ता तालिम महत्वपूर्ण हुने बताए । लायन्सवादमा प्रभावशाली व्यक्तित्व निर्माणमा अघि बढ्न सबै सदस्यहरूलाई आग्रह गरे । कार्यक्रममा क्लब ओरिण्टेशन चिफपर्सन ई. रामचन्द्र पोखेल, रिजन चियरपर्सन दुर्गाप्रसाद हुमागाई, एक्सटेन्सन चियरपर्सन अर्जुनबहादुर थापा लगायतले असल नेतृत्व विकासमा सो अभिमुखिकरण तालिम प्रभावकारी हुने बताए । उक्त तालिममा पत्रकार रामजी लम्सालले सहजीकरण गरेका थिए । क्लबका ३५ जना सदस्यहरू सहभागी कार्यक्रममा स्वागत कार्यक्रम संयोजक प्रकृतिराज तिमिल्सिनाले र संचालन सचिव शोभाकान्त पौडेलले गरेका थिए । कार्यक्रममा क्लबका अध्यक्ष शिवराज आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो ।

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोज्ी-खोज्ी पढ्ने गरौं ।

पोखरा उप-महानगरपालिका वडा नं. ७ प्रगति टोल विकास संस्थामा प्रगति बाल क्लब गठन गरिएको छ । टोलका १६ वर्ष भन्दा मुनिका बालबालिकाहरुको भेलाले ११ सदस्यीय बाल क्लब गठन गरेको हो । क्लबको अध्यक्षमा विजय परियार, उपाध्यक्षमा अपेक्षा भुजेल, सचिवमा रुपेश गुरुङ, कोषाध्यक्षमा अमिन परियार र सदस्यहरुमा राहुल वि.सी., विशाल राई, प्रवेश परियार, नारायण राई, अमृता परियार, निस्सी सुनार, सुस्मिता परियार रहेका छन् । सल्लाहकारहरुमा टोलका अध्यक्ष प्रकाश घर्ती, पूर्णखर अधिकारी र प्रेम बहादुर परियार रहेका छन् । अध्यक्ष घर्तीको संयोजनमा सो कार्यक्रम भएको थियो । तस्वीर : गोल्डेन न्यूज दैनिक

माछापुच्छ्रे विकास संघको २५औं साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

माछापुच्छ्रे विकास संघको २५ औं साधारणसभा शनिवार सम्पन्न भएको छ । सोंहि अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति तथा संस्थाहरुलाई सम्मान समेत गरिएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले माछापुच्छ्रे विकास संघले लामो समयदेखि कृषि, वन, पर्यटन र वातावरणको क्षेत्रमा कार्य गर्दै आएकोमा प्रशंशा गरे ।

जिल्ला कृषि विकास कार्यालय कास्कीका वरिष्ठ कृषि विकास अधिकृत रमेशप्रसाद कोइरालाले सरकारले गर्न नसकेको ठाँउमा गैरसरकारी संस्था पुगेर सरकारको सहयोगी भएको बताए । सो अवसरमा लालीगुरांस इको क्लब, उदय मार्वि, धम्पुस, भाकारजुड सामुदायीक वन उपभोक्ता समिति वडा नं. ५, कृषक पूर्णबहादुर गुरुङ, भदौरे-२, रस बहादुर गुरुङ, सल्यान-९ र पञ्चकोशी सामुदायीक होम-स्टे, आर्थरडाँडाखर्कलाई सम्मान गरिएको थियो । माछापुच्छ्रे विकास संघका अध्यक्ष अर्जुनकुमार पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला वन कार्यालय कास्कीका प्रमुख प्रभात सापकोटा, जिल्ला भू-संरक्षण कार्यालय कास्कीका प्रतिनिधि गंगाराम महतो, लिवर्डका अध्यक्ष कृष्णप्रसाद बराल, संघका साधारण सदस्यहरु महेन्द्रमान बेथित र सुन्दर गुरुङ, भानु पराजुली लगायतले वातावरण संरक्षणसँगै उत्पादनमुखी कार्य गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा संस्थाले गरेका कामको प्रभावकारी र नागरिक प्रतिवेदन समेत सार्वजनिक गरिएको थियो । सोंहि अवसरमा पिस कार्यक्रमबारे गुणकुमार श्रेष्ठ, इबीएबारे धर्मराज पौडेल, हरियो बनको खड्का गिरी र माछापुच्छ्रे विकास संघको संस्थागत विवरण कार्यकारी निर्देशक दिलबहादुर भट्टराईले राखेका थिए । साधारणसभामा संघका सचिव गीता पौडेलले सचिव र कोषाध्यक्ष गोपाल गुरुङले पेश गरेको कोषाध्यक्षको प्रतिवेदन पारित भएको थियो । २५ वर्षअघि स्थापित संघले पञ्चासेलाई कार्यक्षेत्र बनाएर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

स्पाइरल ग्यालेक्सीमा वृहत शैक्षिक प्रदर्शनी

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

पोखराको सिम्पानी स्थित स्पाइरल ग्यालेक्सी उच्च मार्विमा वृहत शैक्षिक प्रदर्शनी सम्पन्न भएको छ । कक्षा २ देखि १० सम्मका विद्यार्थीहरुले आफूले बनाएका विभिन्न सामाग्रीहरु प्रदर्शनीमा राखिएको थियो । आफूले अध्ययन गरेको पाठ्यक्रममा केन्द्रित रहेर निर्माण गरिएका सामाग्रीले विद्यार्थी र शिक्षक ध्यान तानेको थियो । प्रदर्शनीमा विद्यार्थीहरुले बढी मात्रामा विज्ञानका प्रयोगात्मक सामाग्रीहरु निर्माण गरेका थिए । केही विद्यार्थीले भने हस्तकलाका सामाग्री निर्माण गरेको अतिरिक्त विभागका प्रमुख सुमन पौडेलले जानकारी दिए । विद्यालयको खेल मैदानमा तहगत रुपमा विद्यार्थीले बनाएका सामाग्री राखिएको थियो । निर्माणमा संलग्न विद्यार्थीहरुले अवलोकनकर्तासँग उत्सुकताको जिज्ञासा समेत मेटाएका थिए । अधिकांश स्टलमा विद्यार्थीको भिड नै लागेको विद्यालयका डीन वृहस्पति लम्सालले बताए । शैक्षिक र प्रयोगात्मक सामाग्री उपलब्ध भएमा विज्ञान संग सम्बन्धित धेरै सामाग्रीहरु निर्माण गर्न सकिने विद्यार्थीहरुले बताएका छन् । त्यसका लागि विद्यालयले उपयुक्त वातावरण बनाउनुपर्ने उनीहरुको सुझाव छ । विद्यार्थीले इलेक्ट्रोनिक डुङ्गा, वाटर भ्याम्प, फोहोर उठाउने यन्त्र, सौर्य उर्जाको प्रयोग गर्ने प्रविधि सहित धागोबाट नेपालको नक्सा सहितका सामाग्री निर्माण गरेका थिए । त्यस्तै साना विद्यार्थीले भने घरायसी सामाग्री र फलफूलका सामाग्री बनाएका थिए । विद्यार्थीले निर्माण गरेका सामाग्रीको व्यावस्थापकीय संयोजक अर्जुन ढकाल, मार्वि विज्ञान शिक्षक रोहित फ्का र शिक्षक रमेश ढकालले मूल्याङ्कन गरेका थिए । विद्यालयले प्रत्येक वर्ष विद्यार्थी प्रोत्साहन र प्रतिभा पस्फुटनका लागि प्रदर्शनी गर्दै आइरहेको छ ।

पत्रकार पौडेल सम्मानित

पोखरा १९ मंसिर ।

पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै पत्रकार रमेश पौडेलाई शुभ कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडले शनिवार सम्मान गरेको छ । सहकारीको छैठौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनका अवसरमा पत्रकार पौडेलाई राष्ट्रिय अनुसन्धान क्षेत्रीय कार्यालय पोखराका प्रमुख यादव रेग्मीले दोसल्ला र प्रमाणपत्रले सम्मान गरेका थिए । पत्रकार पौडेल संस्थाको सल्लाहकार का साथै नेपाल प्रेस युनियनका केन्दीय उपाध्यक्ष समेत हुन् । समाहारोमा संस्थाका शेयरधनी लोकबहादुर भण्डारी, असल ऋणि लक्ष्मी भण्डारी र शेयरधनी मध्यका एस.एल.सी परीक्षामा उत्कृष्ट नतिजा ल्याउनेका छोरा छोरी, सचिना कार्की, राजेश रेग्मीलाई सम्मान गरिएको थियो । कार्यक्रममा राष्ट्रिय अनुसन्धान क्षेत्रीय कार्यालय पोखराका प्रमुख यादव रेग्मी, सहकारीका अध्यक्ष नर बहादुर कार्की, कार्यक्रममा संस्थाका उपाध्यक्ष चेतनाराण सापकोटा, सचिव गोकर्ण बरुवाल, शेयर सदस्यका तर्फबाट प्रमीला देवि लम्साल ,शेयर सदस्य सूर्य प्रसाद बराल संस्थाका सल्लाकार महेश पराजुली लगायतले बोलेका थिए ।

बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८१६१-०६६०२

गोष्ठी सम्पन्न

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

नेपाल रेडक्रस सोसाइटी कास्कीले महेन्द्र उच्च मार्वि लाचोकमा आयोजना गरेको एचआइभी एड्स सम्बन्धी जिल्ला स्तरीय परिचयात्मक गोष्ठी सकिएको छ । शुक्रबार र शनिबार आयोजित गोष्ठीमा कास्कीका २१ वटा विद्यालयका शिक्षक तथा विद्यार्थी गरी एकसय जना सहभागी थिए । गोष्ठीमा एचआइभी एड्स लाग्नुका कारण तथा बच्ने उपाय लगायत विषयमा अन्तर्क्रिया तथा छलफल गरिएको जुनियर रेडक्रस सर्कल महेन्द्र उच्च मार्विको स्थानीय व्यवस्थापनमा गोष्ठी आयोजना गरिएको हो । विश्व एड्स दिवसको सन्दर्भमा आयोजित गोष्ठीमा नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति बामदेव ढुंगाना, जुनियर रेडक्रस युवा समितिका संयोजक राजेश घिमिरे, महेन्द्र उच्च मार्विका प्रधानाध्यापक गोविन्दप्रसाद अधिकारी, अध्यक्ष प्रेम ढकाल लगायतले बोलेका थिए ।

पुनर्लाई मातृशोक

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

पूर्व राज्यमन्त्री एवं समाजसेवी उत्तम पुनर्लाई मातृ शोक परेको छ । पुनकी ममतामयी माता केशरी भन्ने शमांदेवी पुनको ९३ वर्षको उमेरमा निधन भएको हो । गरिबलाई सहयोग गर्ने, हस्पिटल निर्माण एवं सामाजिक कार्यहुंदा अग्रसर हुने शमांदेवी पुनको शनिवार मनपाल हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको थियो । म्याग्दी जिल्ला शिख गाउ विकास समिति चित्रे फलाटी घरभई हाल पोखरा उपमहानगर पालिका वडा नं १० रामबजार स्थायी बसोबास गर्दै आएकी शमांदेवी मगर संघका संस्थापक अध्यक्ष स्वर्गीय हेमबहादुर पुनको धर्मपत्नी हुन् । केशरी भन्ने शमांदेवी पुनको ८ छोरा मध्ये हाल ६ छोरा रहेका छन् । समाजसेवी उत्तम पुन माईला छोरा हुन् । स्वर्गीय शमांदेवीको फत्तबहादुर पुन, सान्त पुन (हाल युके लण्डन), मनोहर पुन, बाबुराम पुन र प्रताप पुन छोराहरु रहेका छन् । पुन समाज नेपालको सर्वमान्य संरक्षक समेत रहेका उत्तम पुनकी ममतामयी माता केशरी भन्ने शमांदेवी पुनको निधनमा पुन समाज नेपाल स्तब्ध भएको पुन समाजले जनाएको छ ।

स्वरसम्राट नारायण गोपालको सम्झना

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

तराना म्यूजिक सेन्टर पोखराले स्वर सम्राट नारायण गोपालको २५औं स्मृतिमा कार्यक्रम सम्पन्न गऱ्यो । सुगम संगीतका धरोहर स्वर्गीय नारायण गोपालको सम्झनामा उनकै गीत संगीत प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रशिक्षार्थीहरु काजिमान राई, सूर्य गुरुङ, उमेश राई, सबिन नेपाली, विकास श्रेष्ठ, रञ्जित मगर, शान्ति राई, रुबिन गुरुङ, सञ्जय दुरा, माया गुरुङ, बिरबल घताने, विक्रम सुनार, टेक बहादुर राना, श्रीमान थुलुङ लगायत २ दर्जन भन्द बढि गायक गायिकाहरुले नारायण गोपालको कालजयी गीतहरु प्रस्तुत गरेका थिए । कार्यक्रम संगीतकार श्रीमान थुलुङको सभापतित्वमा सम्पन्न भएको थियो भने वाद्य वादनमा हार्मोनियममा श्रीमान थुलुङ, तबलामा काजिमान राई, र बिरबलमान घताने, मादलमा विकास श्रेष्ठ, ईफेक्टमा रञ्जित मगर रहेका थिए । सो कार्यक्रम उमेश राईले सञ्चालन गरेका थिए ।

यसैगरी गुरुकुल प्रशिक्षण केन्द्र नयाँबजारको आयोजनामा स्वर सम्राट नारायण गोपालको २५औं स्मृति दिवस मनाइएको छ । गुरुकुल संगीत प्रशिक्षण केन्द्रका प्राचार्य तीर्थराज पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि कन्दरा व्याण्डका संगीतकार सुनिल थापा रहेका थिए । कार्यक्रममा पुरुषोत्तम गुप्ता र लक्ष्मी गौरीले सरस्वती वन्दना, स्वदेश गान तथा नारायण गोपालको संगीत बारे चर्चा कार्यक्रमका अध्यक्ष पोखरेलले गरेका थिए । त्यस अवसरमा कन्दरा व्याण्डका विवेक श्रेष्ठले भुल्किएर घामको झुल्को भन्ने गीत प्रस्तुत गरेका थिए । कार्यक्रमको संचालन ओमकाजी थापाले गरेका थिए ।

गोल्डेन सहकारीको छैठौं वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

पोखराको सृजनाचोकमा रहेको गोल्डेन बचत तथा ऋण सहकारी संस्थाले आफ्नो छैठौं वार्षिकोत्सवका अवसरमा शनिवार रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । रक्तदान कार्यक्रममा ४० जनाले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमको उदघाटन गर्दै प्रमुख अतिथि सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका प्रमुख प्राचार्य बद्रीनाथ अधिकारीले सहकारीले यस्ता रचनात्मक क्रियाकलाप गर्नु सकरात्मक रहेको बताए । संस्थागत, सामाजिक उत्तरदायित्व संझेर यस्ता प्रकारका गतिविधि गर्नुपर्नेमा उनले जोड दिए । संस्थाका अध्यक्ष गुणाखर सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सचिव कृष्णप्रसाद पोखरेल र संचालन राजकुमार घिमिरेले गरेका थिए । संस्थाले वर्षेनी वार्षिकोत्सवका अवसरमा रक्तदान लगायतका विविध रचनात्मक कामहरु गर्दै आएको र भविष्यमा पनि गर्दै जाने प्रवन्धक ऋषिराम पौडेलले बताए ।

सुन्तला काठमाडौंमा

म्याग्दी १९ मंसिर ।

म्याग्दीको बेनी नगरपालिका १३ बास्कुनाका किसानले उत्पादन गरेको सुन्तला काठमाडौं निर्यात गर्न थालिएको छ । काठमाडौं को कालीमाटीस्थित मण्डीमा गाउँभरी उत्पादन भएको सुन्तला निर्यात गर्न सुरु गरिएको हो । अन्नबालीको विकल्पमा व्यावसायिक सुन्तलाखेती विस्तार गरेका बास्कुनाका कृषकले उत्पादन गरेको सुन्तलाको स्थानीयस्तरमा बजारको अभाव भएपछि ट्रकमार्फत हुवानी गरी निर्यात गरिएको स्थानीय कृषक भिमबहादुर गुरुङले जानकारी दिए ।

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
1. SLC मा उत्तिण्ले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Free Processing for Master, Bachelor & +2 First Divison Students*
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Basthollathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

प्रो. वद्री के.सी. : ९८५६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानिक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

जीवन के.सी. मो. ९८५६०-३८०६६ ९८०६६-४०८८७
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हबेलीमार्ग, काजीपोखरी पोखरा-१८
Sapatee
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

खुशीको खबर !
के तपाईलाई लागेभागे भई छेवभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलको गड्डो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड देखेको, बाथ, शुक्री, आँखोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिसम्म आउने ।
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिष्कालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५५

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कम्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आबुधाबीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान इच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इच्छादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०३३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७३४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विज्ञनेश कम्प्लेक्सको दोस्रो तला)

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्ट्स, रोयल ईस्पायराका साथै सिपेजको समस्या साबधान , वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३२६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिलामारी मड्वढी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट ढाड कम्मर दुखने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चार्यो पोतो, इण्डिफोर, दाग धब्बा, मस्सिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो महिलाको तौल चाहानै नभाई मोटो पनि चाहानै ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६९३७४१८
फि होम भेलिभरि

पोखरामा पहिलो पटक
यौनदुर्बल : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउने।
दाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिस।
Like गर्नुहोस् र हाम्रो अपडेट जानकारी प्राप्त गर्नुहोस्
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

भारतीय व्यवहारको साहित्यकारद्वारा कडा आलोचना

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

भारतीय नाकाबन्दीका विरुद्ध कविहरुले पोखराको भारतीय पेन्सन क्याम्प अगाडि कविता मार्फत आवाज उठाएका छन् । भारतले छिमेकीलाई गरेको परायाको व्यवहारले उसको नियत र हेपाहा प्रवृत्ति देखाएको भन्दै कविहरुले कडा आलोचना गरेका छन् । अब स्वाधीनताको लडाईमा सबैजना उभिनुपर्ने बेला आएको भन्दै कविहरुले देश भित्रैको समस्या र भारतीय नाकाबन्दी खुलाउन कूटनीतिक पहल गर्न सरकारले नसकेको पनि बताए । भारतीय हस्तक्षेपका विरुद्धमा भारतीय पेन्सन क्याम्प रामबजारको गेटमा भएको साहित्यिक अभियान 'अक्षरयात्रा'मा कविहरुले नाकाबन्दी तथा देशको अवस्थाका विषयमा कविता वाचन गर्दै विरोध, चिन्ता र आक्रोश व्यक्त गरे । 'जीवन र जगतको यथार्थ बोधका लागि अक्षरयात्रा' भन्ने मुल नारालाई आत्मसाथ गर्दै गजल सन्ध्या पोखरा र नवनित साहित्य सागरले प्रत्येक महिनाको तेस्रो शनिवार गर्दै आएको अक्षरयात्रा यसपटक भारतीय हस्तक्षेपका विरुद्ध भारतीय पेन्सन क्याम्पको गेटमा गरेको थियो ।

'देशमा जबजब संकट पर्छ तबतब कविहरुले खेलेको भूमिका ठूलो छ', आयोजक मध्येको नवनित साहित्य सागरका अध्यक्ष लक्ष्मण थापाले भने, 'अहिलेको अवस्थामा पनि अब साहित्यकारहरु सडकमै उत्रनुपर्ने बेला आएको छ ।' कविहरुले नेपाली परनिर्भरताका कारण देशमा अहिले अभाव, महङ्गी र सास्ती खेप्नुपरेको भन्दै आत्मनिर्भर बन्न प्रोत्साहन हुने खालका नीति र वातावरण बनाउन सरकारलाई आग्रह गरे ।

'देशका विभिन्न ठाउँमा कवि, साहित्यकारहरुले सडकमै आएर भारतीय नाकाबन्दी र देशको संकटका विषयमा आवाज उठाउन थालेका छन्,' कवि रुपिन्द्र प्रभावीले भने,-'पोखराबाट पनि यो सुरु भएको छ । देशैभरी कवि, साहित्यकारले अभियान चलाउनुपर्छ र देशभित्रै पनि बढ्दै गएको विभाजनलाई एकतामा सूत्रमा बाँध्न लाग्नुपर्ने बेला आएको छ ।' भारतीय हेपाहा प्रवृत्तिका विरुद्ध नेपालले सम्झौता गर्न नहुने बर बार 'पारको लडाई लड्नुपर्ने कविहरुले आवाज उठाए । अहिलेको अवस्थामा सर्वसाधारणहरुको आवाजलाई कवि, साहित्यकारहरुले विभिन्न सिर्जनाहरु मार्फत उठाउँदै उनीहरुको मनोबल बृद्धि गर्न लाग्नुपर्ने बेला भएकाले भारतीय पेन्सन क्याम्पको गेटमा दबाव स्वरुप भारतीय हस्तक्षेप विरुद्ध 'अक्षरयात्रा' राखिएको गजल सन्ध्या पोखराका अध्यक्ष विर्सना बस्नेतले जानकारी दिईन् । भारतले अन्तर्राष्ट्रिय मान्यता विपरित नेपालमा नाकाबन्दी गरेको भन्दै गितान्जली परिवारका अध्यक्ष शिवराज गौतमले नेपालमा आएर चर्चा कमाएर गएका भारतीय प्रधामन्त्री नरेन्द्र मोदीको अहिले विश्वभर आलोचना भैरहेको बताए । कवि दिलिप दोषी, इन्द्र राना प्रतिक, सरला लामिछाने 'सरु', सुरज उपाध्याय, केजार ढकाल, विष्णु वस्तोला, साधुराम लामिछाने, रिता लामिछाने, बालिका अभिलासी, मोहन भण्डारी, बलराम पूर्णविराम, अजय अनमोल, हरिमाया पराजुली लगायत दुई दर्जन बढी कवि, साहित्यकारले भारतीय हस्तक्षेप विरुद्ध विभिन्न रचनाहरु सुनाएका थिए ।

कास्कीमा आलु उत्पादनमा गिरावट

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

कास्कीमा यो वर्ष आलु उत्पादनमा गिरावट हुने भएको छ । आलु खेती हुने पकेट क्षेत्रहरुमा गत वर्षको तुलनामा १० प्रतिशतसम्म आलु उत्पादन घट्ने कृषि विकास कार्यालय कास्कीको अनुमान छ । अधिल्लो वर्ष २५ हजार १ सय ३० मेट्रिक टन आलु उत्पादन भएकोमा यो वर्ष यसको दर ५ देखि १० प्रतिशतसम्म घट्नेछ । कोल्ड स्टोरमा राखिएका बिउ कृषिएको र विभिन्न खालका रोग किराको प्रकोप देखिएकाले उत्पादनमा गिरावट आउने कार्यालयका बागवानी विकास अधिकृत मनहर कडरियाले बताए । यो वर्ष कोल्ड स्टोरका बिउहरु कृषिएका छन्, उनले भने-बाहिरबाट आयात हुने बीउहरु पनि खासै गुणस्तरका छैन, यसले उत्पादन घटन सक्छ । यस्तै ढुवानीको अभावले गाउँगाउँमा मल बीउ पुग्न नसकेको किसानहरुले गुनासो गरेका छन् । हामीलाई नाकाबन्दीको प्रत्यक्ष असर परेको छ, भलामका व्यवसायिक किसान रामबहादुर हमालले भने-डिजेल पेट्रोल नहुँदा खनजोत गर्न र ढुवानीमा समस्या भयो । यसले गर्दा आलु खेतीबाटै जीविकोपार्जन गर्दै आएका जिल्लाका किसानहरु चिन्तित भएका छन् । जिल्लाको हेमजा, लेखनाथ, धानुद्र, पोखराका विभिन्न बडहरु आलुका लागि पकेट क्षेत्र मान्छिन् । जिल्लामा हाल करिब १७ सय हेक्टर क्षेत्रफलमा आलु खेति गरिन्छ भने करिब ५ हजार जना व्यवसायिक किसानहरु छन्, जसले हरेक वर्ष व्यवसायिक रुपमै खेति गर्दै आएका छन् । गत वर्ष आलु बिक्रीबाट यहाँका किसानहरुले करिब ३६ करोड रुपैयाँ भित्र्याएका थिए । त्यसमध्ये हेमजाका किसानले मात्रै आधा भन्दा बढी रकम आम्दानी गरेका कृषि विकास कार्यालय कास्कीले जनाएको छ । आलु खेती गरेरै जीविकोपार्जन गर्ने किसानहरु पनि करिब २ सयको हाराहारीमा रहेको कार्यालय प्रमुख रमेश प्रसाद कोईराला बताउँछन् । जिल्लामा आलु उत्पादनको सम्भावना प्रचुर छ, उनले भने-तर किसानहरुले व्यवसायिकता अपनाउन सकेका छैनन्, आधुनिक प्रणालीबाट खेती गर्न सके यसैबाट जीवन चलाउन सकिन्छ । यहाँका किसानहरुले अहिले आलु बेचेरै वार्षिक १० हजारदेखि ५ लाखसम्म कमाउँछन् ।

कास्कीमा अझै करिब १५ हजार मेट्रिक टन आलु जिल्ला बाहिरबाट आयात हुने गरेको कार्यालयको तथ्यांक छ । तर जिल्लाबाट भने करिब १ सय टन मात्रै निर्यात हुन्छ । आलुको उत्पादन बढाउन र किसानहरुलाई व्यवसायिक बनाउनका लागि जिल्ला कृषि विकास कार्यालय कास्कीले अहिले किसानहरुलाई १४ टन आलुको बीउ अनुदानमा ढुवानी गरिदियो भने जिल्लाभरका २५ ठाउँमा नतिजा प्रदर्शन समेत गरिदियो । यी बाहेक तालिम तथा प्राविधिक सहयोग भने निरन्तर भैरहेको कार्यालयका बागवानी विकास अधिकृत मनहर कडरिया बताउँछन् । जिल्लाको उत्पादनले अझै माग धान्न सकेको छैन, कडरिया भन्छन्-तर सिञ्चाई र गुणस्तरीय बीउ अभावका कारण किसानहरु यसतर्फ आकर्षित हुन सकेका छैनन् । यसका लागि यन्त्रीकरण गरी उत्पादन लागत घटाउने र उन्नत जातका बिउ प्रयोग गर्नेतर्फ किसानले ध्यान दिनुपर्ने उनको सुझाव छ । कास्कीमा हाल एमएस ४२, जनकदेव, खुमलकृष्ण र अन्य स्थानीय जातका आलुहर रोपण गरिन्छ । आलुको पकेट क्षेत्र हेमजा र लेखनाथमा आलुको बीउकोषका लागि सहकारीमार्फत २/२ लाख रुपैयाँ अनुदान उपलब्ध गराईएको कार्यालयले जनाएको छ ।

जिल्लामा अहिले आलुको भण्डारण सबैभन्दा मुख्य समस्या रहेको किसानहरुले गुनासो गरेका छन् । यो वर्षपनि भण्डारमा राखिएकै करिब १५ टन आलु कृषिए पछि कोल्ड स्टोरमा राखिएको आलु समेत सुरक्षित नभएको उनीहरुले महसूस गरेका छन् । यसका लागि सुरक्षित भण्डारण गृहको स्थापना हुनुपर्ने र प्रशस्ती संकलन केन्द्रको व्यवस्था गर्न कार्यालय समक्ष उनीहरुको माग छ ।

गण्डकी साहित्य संगममा डा.अधिकारी प्रमुख तीन...

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

गण्डकी साहित्य संगम पोखराको १२औं साधारणसभाले डा. कृष्णराज अधिकारीको अध्यक्षतामा सर्वसम्मत नयां कार्यसमिति चयन गरेको छ। समितिको उपाध्यक्षमा लोकबहादुर थापा, सचिवमा नारायण मरासिनी र कोषाध्यक्षमा विजया सुवेदी छन्। यस्तै, सदस्यहरूमा भीम रानाभाट, छवि सुवेदी 'विजयी', पशुराम कोइराला, पद्मराज ढकाल, कल्पना चिलुवाल, फडिन्द्र अकिञ्चन र ताराप्रसाद तिमिल्सिना छन्। निर्वाचित सम्पन्न गरेको हो। साधारणसभामा संस्थाका कोषाध्यक्ष नारायण मरासिनीले आर्थिक प्रतिवेदन र सचिव राजेन्द्र पौडेलले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए। संस्थाका सल्लाहकार टेकनाथ बरालले नयाँ संस्कार र संस्कृति निर्माणमा बाङ्मयकर्मीले भूमिका खेल्नु पर्ने बताए। सल्लाहकार रामराज रेग्मीले संस्थाको उद्देश्यअनुरुप कार्य सञ्चालन गरी युवा पुस्ता र अग्रज दुवैलाई समेट्न आग्रह गरे।

अर्का सल्लाहकार रघुनाथ अधिकारीले संस्थालाई नयां पुस्तालाई स्फुलिङ प्रदान गर्ने र पुरानो पुस्तासँ बौद्धिक बहस गर्ने मञ्च बनाउन सुझा दिए। उनले भने-'यहां प्रस्तुत हुने रचनामा म मर्क्सवादको प्रतिबिम्ब चाहन्छु नयां पुस्ता उल्लेख्यरुपमा आउने पर्छ।' संस्थाका सचिव राजेन्द्र पौडेलले संस्थालाई अन्य जिल्लामा पनि विस्तार गर्नु पर्ने आवश्यकता औल्याए। उनले प्रगतिवादी मान्यता हुने साहित्यकारहरूलाई मात्र संस्थाको उद्देश्य अनुरुप सदस्यता वितरण गर्नु पर्नेमा जोड दिए।

कार्यक्रममा प्याल्सनका केन्द्रीय सल्लाहकार डोलराज पाण्डे, अग्रज कलाकार यादवचन्द्र भुर्तेल, संस्थापक अध्यक्ष कुलप्रसाद खनाल, साहित्यकार पोषनाथ पौडेलले बोलेका थिए। सो अवसरमा काजी गाउले, अर्जुनकुमार ढकाल, रमा प्राशर, अम्बिका भण्डारी, लोकनाथ पुडासैनी, नारायणप्रसाद वास्तोला, शिवबहादुर बरालललगायतले रचना वाचन गरेका थिए। कार्यक्रममा अग्रज कलाकार यादवचन्द्र भुर्तेलले आफ्ना बुवा आमा चक्रपाणि/नन्दकलीको स्मृतिमा एक लाखको अक्षय कोष स्थापना गर्ने घोषणा गरे। यस्तै, साहित्यकार पोषनाथ पौडेलले आफ्नै नामका एक लाखको अक्षयकोष स्थापना गर्ने घोषणा गरे। दुवै अक्षयकोषबाट पुरस्कार स्थापना गरिने जनाइएको छ। संस्थाका अध्यक्ष नारायण परिश्रमीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव राजेन्द्र पौडेल र स्वागत उपाध्यक्ष डा. कृष्णराज अधिकारीले गरेका थिए।

खेलकुद पत्रकार मञ्चका न्यौपानेको बिदाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

नेपाल खेलकुद पत्रकार मञ्च समन्वय शाखा कास्कीका अध्यक्ष प्रेमनारायण न्यौपानेलाई शनिबार पोखरामा एक समारोहका बिच बिदाई गरिएको छ । वैदेशिक रोजगारीका लागि जापान जान लागेका अध्यक्ष न्यौपानेलाई मञ्च कास्कीले शनिबार बिदाई गरेको हो । मञ्च कास्कीका उपाध्यक्ष सन्देश श्रेष्ठ, निवर्तमान अध्यक्ष विनोद लामिछाने लगायतको टोलीले अध्यक्ष न्यौपानेलाई मायाको चिनो सहित फूलमाला तथा खादा लगायर बिदाई गर्दै जापान यात्राको सफलताको कामना गरीएको हो । मञ्च कास्कीको नवौं बैठकले अर्को व्यावस्था नभएसम्मको लागि उपाध्यक्ष सन्देश श्रेष्ठलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिईएको सचिव दिननाथ बरालले बताए । कार्यक्रममा अध्यक्ष न्यौपानेले आफ्नो १५ वर्षे पत्रकारीताको तीता मीठा अनुभव सुनाउदै आर्थिक अवस्था केहि बृद्धि गर्नका लागि विदेश जानलागेको बताए । निकै भावुक भएका उनले भने "मलाई नपुगेर विदेश जान लागेको होईन, मेरो परिवारको थप बृद्धि विकासको लागि जान लागेको हुँ, म जहाँ रहदा पनि यस संस्थालाई आफूले सकेको सहयोग गर्ने छु ।"

यसैबीच कास्की जिल्ला तेक्वान्दो संघका सचिव समेत रहेका न्यौपानेलाई शनिबार संघका पदाधिकारी तथा खेलाडी एवं प्रशिक्षकले बिदाई गरेका छन् । संघका अध्यक्ष जगन गुरुङ सहितको टोलीले पोखरा रंगशालामा उनलाई बिदाई गरेको हो ।

शिविरमा तीन सय ५२ जनाको स्वास्थ्य परीक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

लायन्स क्लब अफ पोखरा पिस हिमालयन सिटीले शनिबार आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा तीन सय ५२ जनाको निःशुल्क परीक्षण गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि कास्कीका सहायक जिल्ला शिक्षा अधिकारी हेमनारायण चापागाईले लायन्स क्लबहरूले नेपालमा भुकम्प, बाढी, पहिरोजस्ता प्रकोपमा उल्लेखनीय काम गरेको बताए। उनले यस प्रकारका शिविरले स्वास्थ्यमा सर्वसाधारणको पहुँच र सचेतनाका लागि सहयोग पुग्ने विचार राखे। युआरएलका प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले सर्वसाधारणसम्म स्वास्थ्यको पहुँच पुऱ्याउन सामाजिक उत्तरदायित्व बहन गर्दै आफूहरुले विभिन्न संघ, संस्थासँगको सहकार्यमा शिविरका लागि योगदान गरेको बताए। उनले भविष्यमा पनि सर्वसाधारण लाभान्वित हुने प्रकारका कार्य गर्न आफूहरू तयार रहेको उल्लेख गरे। कार्यक्रममा युआरएलका अध्यक्ष चेतबहादुर गुरुङ, अफिनका केन्द्रीय

उपाध्यक्ष डा. पदम खड्का, जोन चेयर पर्सन तेजनारायण पराजुली र डिष्ट्रिक्ट चिफ एरिया कोअर्डिनेटर तीर्थलाल श्रेष्ठले पनि बोलेका थिए।

शिविरमा युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल), नेमस्ते हस्पिटल प्रालि र विन्दवासिनी डेन्टल केयर प्रालिले प्राविधिक सहयोग गरेका थिए। लायन्स क्लब अफ पोखरा पिस हिमालयन सिटीका अध्यक्ष टेकनारायण पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रथम उपाध्यक्ष भोजराज बराल, धन्यवाद अभिवादन कोषाध्यक्ष धर्मदत्त बरालले गरेका थिए। क्लबका अध्यक्ष पौडेलले स्थानीय क्षेत्रको स्वास्थ्य क्षेत्रमा योगदानका लागि शिविर आयोजना गरिएको र भविष्यमा पनि विभिन्न संघ, संस्थासँगको सहकार्यमा यस्ता क्रियाकलापलाई निरन्तरता दिइने बताए।

यसैबीच युनाइटेड रेफरेन्ट ल्याबोटरी प्रालि (युआरएल) ले बेवसाइड शुभारम्भ एवं पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरेको छ। युआरएलले यहि मसिर २३ गते बुधबार उक्त कार्यक्रमको आयोजना गरेको संस्थाका अध्यक्ष चेतबहादुर गुरुङले जानकारी दिए। कार्यक्रम पोखराको न्यूरोड स्थित स्काइ टच रेष्टुरेन्टमा हुने बताइएन्छ । संस्थाको दोस्रो वार्षिकोत्सवको अवसरमा उक्त कार्यक्रम आयोजना गर्न लागिएको पत्रुवा निर्देशक ठाकुर पन्तले गोल्डेन न्यूज दैनिकलाई बताए ।

स्याङ्जालाई पराजित गर्दै माछापुच्छ्रेद्वारा उपाधि रक्षा

पोखरा १९ मंसिर ।

आयोजक माछापुच्छ्रे क्रिकेट क्लबलाई ४५ रनले पराजित गर्दै स्याङ्जा युनाइटेड क्रिकेट क्लबले पोखरामा सम्पन्न जेएनके क्षेत्रीय जुनियर क्रिकेट लिगको उपाधि जितेको छ । टस हारेर पहिला ब्याटिङ गरेको स्याङ्जाले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ५५ रन बनाएको थियो । स्याङजाको ब्याटिङमा ध्यान अफ द म्याच संगम गौतमले ३१, अर्जुन भण्डारीले २९ तथा राम थापाले २७ रनको योगदान दिए । माछापुच्छ्रेको बलिङमा राजु थापा र प्रविण ढकालले समान ३२३ विकेट लिए । पत्यु उत्तरमा ब्याटिङमा उत्रिएको माछापुच्छ्रेको पारि १७ ओभरमा १ सय ९ रनमै समेटिएको थियो । माछापुच्छ्रेको ब्याटिङमा प्रविण ढकालले ३३ रन बनाएका थिए । स्याङजाका विपिन कार्फ्ले ४ विकेट लिए । प्रतियोगितामा स्यांरजाका विश्व थापा उत्कृष्ट ब्याट्स्थान सहित सर्वोत्कृष्ट खेलाडी भए भने स्यांरजाकै युनिस दलामी उत्कृष्ट बलर भए ।

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension मसँग साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ ।
प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ४८६८५४३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मै किन ?
तपाईंले खोज्नेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
तपाईंले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
आकर्षक तथा आधुनिक डिजाइनका लागि,
आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
यहाँको माया, सद्भाव र विश्वासको विस्तारताको लागि,
अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पुर्ण पोशाकका लागि ।
हजुरी बाजाले सधैं बबिन टेलरिङ्गमा सिलाई बिनुहुन्छ...
बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
हुलाकमोड, बेगनास, पोखरा (माटेघरी हाँ.)
फोन: ०६१-५२०७६० मोबाइल: ०६१-५२०७२०
DIGJAM ASHWIN OCM Bolli RAYMOND

प्रस्ताव नल्याएको जिकिर गरे ।

उनले १० पटकभन्दा बढी बार्ता हुँदा पनि ११ बुंदे मागको विषयमा प्रवेश नै हुन नसक्नु दुःखद भएको बताए । घाइतेको निःशुल्क उपचार नभएको, मुद्दा खारेज नभएको, पकाउ भएकालाई रिहा नगरिएको र दमन जारी रहेको उनले बताए । बार्तामा नाका खोल्न आग्रह गरिने तर समाधान ननिकाल्ने र मुलुकमा शान्ति सु-व्यवस्था कायम गर्नेतर्फ सरकारको गम्भीरता नदेखिएको उनको भनाइ थियो । संसदमा समानुपातिक र समावेशीताका लागि संविधान संशोधनसम्बन्धी दर्ता भएको प्रस्ताव आफूहरुलाई मान्य नरहेको अध्यक्ष यादवले बताए ।

एकीकृत नेकपा माओवादी का उपाध्यक्ष नारायणकाजी श्रेष्ठले आजको बैठकमा आन्दोलनको माग सम्बोधन गर्नका लागि सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दलले संयुक्तरुपमा तयार पारेको प्रस्ताव प्रस्तुत गरिएको जानकारी दिए ।प्रस्तावबारे दुवै पक्षले आफ्नो धारणा राखेको र बार्तालो वातावरण निर्माण गरी फेरि बार्ता गर्ने आज सहमति भएको उनको भनाई छ । बार्तामा प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति सुशील कोइराला, राप्रपा नेपालका अध्यक्ष कमल थापा, एनेकपा माओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष मन्त्र ठाकुर, फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतका शीर्ष नेताहरुको उपस्थिति थियो ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष / प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा